# सभापोखरीगाउँपालिका
## बालक्लव गठन निर्देशिका २०७६

**प्रस्तावना :**

बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, सम्वर्द्धन,परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्नबालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानुनहरू तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरूलाई कार्यान्वयन गर्न वाञ्छनिय भएकोले नेपालको संविधान को भाग १८ धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद.३ को दफा ११ च, ज, झ, ड ले दिएको अधिकार प्रयोग गरी वनाईएको कार्यविधि

### परिच्छेद- १
### प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम बालक्लव गठन निर्देशिका, २०७६ रहेकोछ ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "संविधान" भन्नाले नेपालको संविधान,२०७२ लाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "निर्देशिका" भन्नाले सभापोखरीगाउँपालिकाद्वारा जारी गरिएको बालक्लव गठन निर्देशिका, २०७६ सम्झनु पर्छ ।

(घ) "बालबालिका" भन्नाले नेपाल कानून अनुसार १६ वर्ष उमेर पूरा गाउँका र अर्न्तराष्ट्रियकानून अनुसार १८ वर्ष उमेर पूरा गाउँका सबै व्यक्तिहरूलाई सम्झनु पर्छ ।

(ङ) "बालबालिका डेक्स" भन्नाले सभापोखरीगाउँपालिकाले गाउँपालिका कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिकासम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ ।



(च) "सर्म्पक व्यक्ति (Focal Person)" भन्नाले सभापोखरीगाउँपालिकाले गाउँपालिका कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "बाल अधिकार समिति" भन्नाले बालबालिकाको आधारभूत अधिकारहरूको संरक्षण तथा सम्बर्धन गर्नका लागि गठन गरिएका सभापोखरीगाउँपालिकास्तरीय तथा वडास्तरीय समितिहरूलाई सम्झनु पर्दछ ।

(ज) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि(२०६८) बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ ।

(झ) "बालक्लव"भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाहरूको सहभागितामा गठन भएका गाउँपालिकामा सूचीकृत भइ संचालनमा रहेका बाल समूहहरूलाई सम्झनु पर्दछ ।

(ञ) "सहजकर्ता तथा सहजकर्ता शिक्षक"भन्नाले बाल समूहको गठन तथा सञ्चालनमा सहयोग तथा सहजीकरण गर्नका लागि यस निर्देशिका बमोजिम नियुक्त व्यक्तिलाई सम्झनु पर्दछ ।

(ट) "प्रधान सहजकर्ता" भन्नाले विद्यालयमा गठन भएका बालक्लव तथा सहजकर्ता शिक्षकलाई नियमितरूपमा अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापनका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

(ठ) "बालक्लव सञ्जाल" भन्नाले सभापोखरीगाउँपालिका तथा वडास्तरमा गठन भएका बालक्लवहरूको सञ्जाललाई सम्झनु पर्दछ ।

(ड) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ ।

(ढ) "बालविकास केन्द्र"भन्नाले गाउँपालिका तथा वडाका समुदायस्तरमा स्थापना भएका बालबिकास केन्द्रलाई सम्झनुपर्दछ ।

(ण) "स्थानीय तह" भन्नाले गाउँपालिकालाई सम्झनु पर्दछ ।

(त) "बाल कल्याण कोष" भन्नाले बालअधिकारको संरक्षण र सम्बर्धन गर्नका लागि वडा तथा गाउँपालिकामा खडा गरिएको बालकल्याण



स्थानीय राजपत्र

कोषलाई सम्झनु पर्दछ ।

(थ) "प्रमाणपत्र" भन्नाले, गाउँपालिका कार्यालयमा सूचिकृत भएका बालक्लवहरूलाई दिइने सूचिकृत प्रमाणपत्र सम्झनु पर्छ ।

(द) "गाउँपालिका" भन्नाले सभापोखरीगाउँपालिका सम्झनुपर्ने छ ।

(ध) "अध्यक्ष" भन्नाले सभापोखरीगाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(न) "उपाध्यक्ष" भन्नाले सभापोखरीगाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(प) "वडा" भन्नाले सभापोखरीगाउँपालिकाको वडा सम्झनु पर्छ ।

(फ) "वडाध्यक्ष" भन्नाले सभापोखरीगाउँपालिकाको वडाध्यलाई सम्झनु पर्छ ।

(ब) "सभा" भन्नाले सभापोखरीगाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(भ) "कार्यपालिका" भन्नाले सभापोखरीगाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

३. उद्देश्य : यस यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा संम्वर्धन गर्न ।

(ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रवर्द्धन गर्न ।

(ग) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।

(घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनिकरण गर्न ।

(ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांक, जन्मदर्ता) व्यवस्थापन गर्न

(च) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्न ।

## परिच्छेद- २

## बालबालिका डेक्सको स्थापना र संचालन

४. **बालबालिका डेक्सको स्थापना :**

(१) प्रत्येक वडा कार्यालयमा र गाउँपालिका कार्यालयमा बालबालिका डेक्स स्थापना गरिने छ । बालबालिका डेक्स संचालन गर्नको



लागि कम्तिमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ ।

(२) बालबालिका डेक्सको काम, कर्तव्य र संचालन देहाय बमोजिम हुने छः

(क) सबै प्रकारका बालबालिकाको तथ्यांक र सूचनाको अध्यावधिक गर्ने ।

**"स्पष्टीकरण"** सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ ।

(ख) बालक्लव तथा बालक्लव सञ्जालहरूको सूचीकृत गर्ने ।

(ग) बालबालिका, गाउँपालिका र सरोकारवालाहरूबीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

(घ) बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, सहजकर्ता, सहजकर्ता शिक्षक, प्रधान सहजकर्ता, बालक्लव, बालक्लव संजालहरूबीच समन्वय सहकार्य गर्ने ।

(ङ) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरूमा सहजीकरण गर्ने ।

(च) बालक्लव, बालक्लव संजाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने ।

(छ) गाउँपालिकाले तोकेको बालबालिका सम्बन्धी अन्य कार्य गर्ने ।

५. **बालक्लव र बालक्लव सञ्जालको गठन, काम, कर्तव्य र अधिकारः**

(क) प्रत्येक विद्यालयमा एक स्थायी बालक्लव रहने छ । बालबालिकाको भेलाबाट बालक्लवको बढिमा १५ सदस्यीय कार्यसमितिको चयन हुनेछ जस्मा कम्तिमा ५० प्रतिशत बालिका सहित लैङ्गिक सामाजिक समावेशीकरणको सुनिश्चितता गरिने छ । बालक्लवको गठन तथा अध्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान पछि एक महिना भित्र गरी, सहजकर्ता शिक्षक र प्रधान सहजकर्ता शिक्षक तोकि विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस समेतको आधारमा पालिकामा सुचीकृत गरिने छ । पालिकाले रितपूर्वक आएका बालक्लवहरूलाई आवद्धता/सुचिकृतको अनुसुची १ अनुसारको प्रमाणपत्र र बालक्लवको विधान पालिका प्रमुख प्रशासकीय



स्थानीय राजपत्र

अधिकृतवाट प्रमाणित गरी बालक्लवहरूलाई उपलब्ध गराउनुपर्नेछ । विद्यालयको हकमा बालक्लवमा सदस्य हुनका लागि ८ वर्ष उमेर पुरा भई १६ वर्ष सम्मको हुनुपर्नेछ । कक्षा को हकमा कक्षा ५ बाट सुरू भएको हुनेछ ।

(ख) समुदायको हकमा बालबालिकाको भेलाले बढीमा २१ सदस्यीय बालक्लव गठन गरी, सहजकर्ता तोकि एक महिना भित्र सम्वन्धित वडा तथा सभापोखरीगाउँपालिकामा सुचीकृत हुनुपर्ने छ ।

(ग) बालक्लवले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक,मानसिक, सम्वेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्युनिकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्ने छन् ।

(घ) विद्यालय स्तरीय बालक्लवको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बालक्लवले विभिन्न उप समितिहरू निर्माण गर्न सक्ने छ ।

(ङ) बालक्लबको बैठकको आयोजना निम्नानुसार हुनेछ ।

(१) सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा मासिक रूपमा बैठक सञ्चालन गर्नु पर्नेछ ।

(२) नियमित बैठक तथा छलफलका विषयहरु

(क) बैठकमा सहजकर्ताको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(ख) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्ने छैन ।

(ग) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका ( माइन्युट) उतार गरी राख्नु पर्नेछ ।

(घ) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुनसक्नेछः

(१) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा

(२) बाल क्लबको बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा



(३) स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि

(४) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरू ।

(च) बालक्लव सञ्जालहरूको गठन :

(१) बालक्लबहरु बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब सञ्जाल गठन गर्न सकिनेछ ।

(२) बालक्लब सञ्जाल वडा स्तर,गाउँपालिका स्तरका हुनेछन् ।

(३) बाल क्लब सञ्जाल गठन गर्नका लागि (गाउँपालिका र वडा) तहमा बाल क्लवहरूका प्रतिनिधिहरूको भेलाको आयोजना गर्नु पर्नेछ ।

(४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लबहरूलाई भेलाको मिति भन्दा १५ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

(क) भेलाको मिति, समय र स्थान,

(ख) भेलामा छलफल हुने विषयहरु,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लबहरूको प्रतिनिधि संख्या (जातजाति, लिंग समेत तय गरिएको भए सो समेत)

(घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ) भेलामा सहभागीका लागि उपलब्ध गराउन नसकिने/नहुने सेवा र सुविधा, र

(च) अन्य आवश्यक विषयवस्तु ।

(५) बालक्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्नेछ ।

(क) आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको



स्थानीय राजपत्र

हुनु पर्नेछ, ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ, ।

(ग) समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(६) बाल क्लबले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्नेछ ।

(७) सञ्जाल भेलामा सहभागी हुने बाल क्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्रको बालक्लवमा आवद्ध भएको हुनु पर्नेछ ।

(८) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हुनेछ । सञ्जालको नतेतृत्वको पुनःगठन प्रत्येक वर्ष गर्नुपर्नेछ ।

(९) नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन

(१) बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) सम क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

(३) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरु प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(४) बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।



(५) वडा तथा पथा गाउँपालिकामा गठन भएका बालक्लव सञ्जालहरू गठन भएको एक महिनाभित्र गाउँपालिका कार्यालयमा सूचीकृत गर्नु पर्नेछ ।

(६) सूचीकृत भएका बालक्लव सञ्जालहरूले हरेक वर्ष अध्यावधिक गरी गाउँपालिका कार्यालयमा नविकरण गर्नुपर्ने छ । यसरी अध्यावधिक हुँदा सम्बन्धित सञ्जालले अध्यावधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेलाको उपस्थिति, विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम र ठेगाना र सञ्जालले अघिल्लो वर्ष सञ्चालन गरेका क्रियाकलापहरूको वार्षिक प्रगति प्रतिवेदन अनिवार्य संलग्न गर्नु पर्नेछ ।

छ) बालक्लव तथा बालक्लव सञ्जालका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार पदाधिकारीहरूको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. समूहको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।

२. समूहको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने।

३. समूहको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने ।

४. समूहको निर्णय र बालअधिकार समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

५. समूहको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने।

६. उपाध्यक्ष र सदस्यहरूलाई विषयगत कार्यभार विभाजन गरी दिने ।

७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्ष लाई र उपाध्यक्ष नभएमा आफू मध्येका एक सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।



स्थानीय राजपत्र

८. बाल समूह,बाल अधिकार समितिसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरूसँग कार्यक्रमको माँग गर्ने र कार्यान्वयन गर्ने गराउने ।

९. तोकिएको अन्य कार्य गर्ने ।

ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।

२. तोकिएको अन्य काम गर्ने ।

ग. सचिवको काम, कर्तव्य र अधिकारः सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारप्रयोग तथा पालन गर्नु पर्नेछः

१. समूहको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।

२. बालबालिका वा बाल समूहसंग सम्बन्धित व्यक्तिको अध्यावधिक अभिलेख राख्ने ।

३. समूहको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।

४. समूहको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।

५. समूहको प्रशासकीय कार्य गर्ने ।

६. अध्यक्षको निर्देशन अनुसार वैठक बोलाउने ।

७. तोकिएको अन्य कार्य गर्ने ।

घ. सहसचिवको काम, कर्तव्य र अधिकारः

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार समाल्ने

२. तोकिएको अन्य कार्य गर्ने ।

ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

१. क्लव/समूहको आय व्यय दुरूस्त राख्ने ।

२. आर्थिक वजेट तयार गरी समूहको वैठकमा पेश गर्ने ।

३. आर्थिक सहयोग जुटाउने ।

४. आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

च. सदस्यको काम कर्तव्य र अधिकारः



१. वैठकमा सहभागी हुने ।

२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।

३. तोकिएको कार्य गर्ने ।

४. समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

## परिच्छेद- ३

६. **<u>बालबालिकाको संरक्षण र सम्बर्द्धनका लागि बालकल्याण कोषको व्यवस्था :</u>**

(१) गाउँपालिका तथा वडा स्तरमा एक-एक वटा बालकल्याण कोषको स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरू रहने छ

(क) स्थानीय तहबाट विनियोजन गरिएको रकम

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ग) विदेशी सरकार, अन्तर्राष्टिय संघसंस्थाबाट प्राप्त रकम

(घ) स्वदेशी संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम

(ङ) अन्य विविध श्रोत बाट प्राप्त हुन आएको रकम ।

(३) बालकोषको प्रयोग जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सम्वर्धनका लागि निम्न शिर्षकमा खर्च गर्न सकिनेछ ।

(क) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(ख) हराएको वा वेवारिस अवस्थामा फेला परेको,

(ग) ऋृणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पिडित भएको,

(५) दूर्घटनामा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले बेवारीस भएको,

(७) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,

(८) हिंसाबाट प्रभावित भएको,

(९) बाबुआमा वा सहजकर्ताबाट बन्चित भएको,

(१०) अपाङ्गता भएको,

(११) सुस्तमनस्थिति भएको,



स्थानीय राजपत्र

(१२) अपहरण वा शरीर बन्धकमा परेको,
(१३) सडक बालबालिका,
(१४) एच.आई.भी. एड्स संक्रमित भएको,
(१५) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षणविहीनअवस्थामा फेला परेको शिशु,
(१६) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका र
(१७) समितिले तोकेका अन्य बालबालिका ।
(१८) दफा ३ मा उल्लेख भए बाहेकको अन्य शिर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।
(१९) दफा ४मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुल खर्च रकमको १० प्रतिशत सम्मको रकम कोष सञ्चालक समितिको बैठक सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिने छ ।

७. **कोष सञ्चालन समितिको गठन देहाय बमोजिम ३ सदस्य हुनेछ ।**
(क) गाउँपालिका बालकल्याण कोषको हकमा गाउँपालिकाअध्यक्ष र वडा स्तरीय कोषको हकमा वडाध्यक्ष संयोजक रहने ।
(ख) गाउँपालिकाको हकमा बाल संरक्षण समितिको संयोजक र वडाको हकमा बालबालिका डेक्सको सम्पर्क व्यक्ति सदस्य ।
(ग) गाउँपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र वडाको हकमा वडा सचिव सदस्य सचिव रहने ।

८. **समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।**
(क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,
(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,
(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,
(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,
(ङ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरूप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,



(च) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,
(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,
(ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,
(झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने
(ञ) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

९. **समितिको बैठक र निर्णय**
(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरूलाई दिनु पर्नेछ ।
(४) समितिको दुई तिहाइ सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगे को मानिनेछ ।
(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।
(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।
(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

१०. **कोषको खाता सञ्चालन**

(क) कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैङकबाट इजाजत प्राप्त पायक पर्ने बैङ्कमा खाता खोली सञ्चालन गरिनेछ ।

(ख) उपदफा क बमोजिमको खाता सञ्चालनका लागि गाउँपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट र वडाको हकमा वडा सचिव र बालबालिका डेक्सको सम्पर्कव्यक्तिको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

११. **रकम फ्रिज नहुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१२. **कोषको लेखा र लेखा परीक्षण** :

(क) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१३ **प्रतिवेदन पेश गर्ने** : समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गाउँपालिका समक्ष पेश गर्नु पर्ने छ ।

## परिच्छेद ४
## सहजकर्ता सम्बन्धीव्यवस्था

१४. **सहजकर्ता संस्था, निकाय र व्यक्तिहरुः**

(१) बाल समूहको गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको अनुपस्थितिमान्य हुनेछैन ।

(२) प्रत्येक बाल समूहको एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरुरी हुने छ ।

(३) सहजकर्ताले बाल समूहको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाईसहजीकरण गर्ने, बालबालिकाको सरोकारको क्षेत्रमा उपयुक्त उपायहरु सुझाउने तथाश्रोतमा उनीहरुको पहुँच बनाउन सहयोग गर्नु पर्नेछ ।

(४) बाल समूहका गतिविधि र त्यसबाट उत्पन्न परिणामप्रति सहजकर्ता व्यक्ति, संस्था वानिकाय नैतिक जिम्मेवारी रहनेछ ।

(५) सहजकर्ताको छनौटमा बाल समूहको सहमति र स्वीकार्यता अनिवार्य रहनेछ ।



(६) एक सहजकर्ता व्यक्ति वा समूहले अधिकतम दश वटा बाल समूहलाई सहयोग पुर्‍याउनसक्नेछ ।

१५. **वयस्क सहजकर्ताको चयन**

(१) वयस्क सहजकर्ताको चयन बाल समूह गठन गर्ने तथा बालबालिकाको समूहको गतिविधिप्रवर्द्धन र सहजीकरण गर्ने कार्यमा सहयोग गर्ने संस्था वा स्थानीय तहले नियुक्त गर्नेछ ।यसरी सहजकर्ता चयन गर्दा बाल समूहको सहमति अनिवार्य हुनेछ ।

(२) वयस्क सहजकर्ताले सहजीकरण गरेबापत बाल समूहसँग कुनै पारिश्रमिक लिन सकिने छैन। तर सहयोगी संस्था वा स्थानीय तहले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्धगराउन बाधा पर्नेछैन ।

(३) विद्यालयमा आधारित बाल समूहको सहजकर्ता शिक्षकहरुमध्येबाट, समुदायमा आधारितबाल समूहको सहजकर्ता स्थानीय बालसंरक्षण समिति वा बालमैत्री स्थानीय शासनसमन्वय समितिका सदस्य वा संस्थाको तर्फबाट तोक्न सकिनेछ ।

(४) सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्ता स्थानीयव्यक्ति हुनुपर्नेछ ।

१६. **बाल समूहको सहजकर्ता हुनका चाहिने योग्यता**

(१) बाल समूहको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको व्यक्ति हुनुपर्दछ

(क) बाल समूहका पूर्वसदस्य भएकालाई पहिलो प्राथमिकता दिइनुपर्नेछ ।

(ख) वयस्क सहजकर्ता न्यूनतम १२ कक्षा उत्तीर्ण तथा १९ देखि ३० वर्ष उमेर समूहको व्यक्ति हुनेछ ।

तर विद्यालय शिक्षकको हकमा भने उमेर हद लागु हुनेछैन ।

(ग) बालअधिकारबारे जानकार,सचेत, संवेदनशील तथा तालिम प्राप्त गरेको ।

(घ) बालमैत्री व्यवहारबारे सचेत र अभ्यस्त रहेको ।

(ङ) बालबालिकाप्रति सकारात्मक धारणा राख्ने ।

(च) बालबालिकाविरूद्ध कुनै पनि हिंसा नगर्ने प्रतिवद्ध भएको ।



स्थानीय राजपत्र

(छ) कुनै पनि राजनीतिक दल वा राजनीतिक संगठनको सक्रिय जिम्मेवारीमा नरहेको।
(ज) फौजदारी अपराधमा संलग्न नभएको ।
(झ) स्थानीय समुदायमा बसोबास भएको ।
(ञ) मदिरा, सुर्ती, चुरोट, लागू औषधको अम्मल नभएको ।
(च) यसरी सहजकर्ता छनौट गर्दा उल्लेखित योग्यता पुगेका मध्येबाट बाल समूहकापूर्वसदस्य भएका व्यक्तिहरूलाई प्राथमिकता दिन सकिने छ ।

**१७. वयस्क सहजकर्ताको भूमिका र सीमितता**

(१) स्थानीय वयस्क सहजकर्ता बालअधिकारप्रति प्रतिवद्ध, स्वयंसेवी भावनाको र दफा १३ माउल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनेछन् र यस्ता वयस्क सहजकर्ताले बाल समूहमादेहायका भूमिकाहरु निवार्ह गर्नु पर्नेछ :
(क) बाल समूहको बैठक, योजना तथा कार्यक्रम र निर्माण कार्यान्वयनमा सहजीकरण।
(ख) बाल समूहलाई स्थानीय सरोकारवाला निकायहरूसँग सम्पर्क, सम्बन्ध विस्तारगर्न सहजीकरण गर्ने ।
(ग) बाल समूहले गर्ने कार्यक्रमहरूका लागि स्थानीय श्रोतहरु जुटाउन सहयोग गर्ने ।
(घ) बाल समूहका सामग्रीहरूको उपयुक्त प्रयोग भए नभएको अनुगमन गर्ने रसम्पत्तिको संरक्षण गर्ने ।
(ङ) बाल समूहका सदस्यहरूमाझ आएका विवादहरूको समाधान गर्न सहयोग गर्ने ।
(च) बाल समूह र अन्य समुदाय बीच विवाद उत्पन्न भएमा त्यसको समाधानकालागि सहजीकरण गर्ने ।
(छ) बाल समूहलाई बालअधिकार एवं बाल विकासका सवाल सम्बन्धी सूचनासामग्रीहरु उपलब्ध गराउन पहल गर्ने ।
(ज) आवश्यकता अनुसार बालअधिकार, बालसहभागिता, बाल समूह सहजीकरणकाप्रशिक्षण, गोष्ठी तथा तालिमहरूमा सहभागी हुने ।
(झ) बाल समूहका सदस्य आफ्नो समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागीहुनुपरेमा वयस्कसंरक्षकको भूमिकानिभाउने ।

(२) वयस्क सहजकर्ताले बाल समूहको सहजीकरण गर्दा गर्न नहुने



कार्यहरू :
(क) बाल समूहको बैठक तथा छलफल आफैले सञ्चालन गर्ने ।
(ख) बाल समूहको योजना आफैले बनाउने, निर्णयहरु आफैले गर्ने र सदस्यहरूलाईनिर्णयमा सहमत मात्र गराउने ।
(ग) बाल समूहलाई कुनै निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आफ्नोधारणा लाद्ने ।
(घ) बाल समूहका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरूमा प्रतिनिधित्व गर्ने ।
(ङ) बाल समूहका सदस्यहरूलाई हप्काउने, हिंसा तथा दुर्व्यवहार गर्ने वा धम्की दिने ।
(च) बाल समूहका सदस्यहरूमाझ जात, धर्म, लिंग, उमेर, भाषा, भूगोल, शारीरिकतथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव गर्ने ।
(छ) बाल समूहका सम्पत्ति, बचत रकमहरु जथाभावी प्रयोग गर्ने वा व्यक्तिगतहितमा उपयोग गर्ने ।
(ज) बाल समूहका सदस्यहरूलाई एक अर्काविरूद्ध भड्काउने, कुनै निश्चित व्यक्ति,जाति, समूह, सम्प्रदाय, दल तथा संगठनको पक्ष वा विपक्षमा उभिन तथागतिविधि गर्न लगाउने ।
(झ) बाल समूहका सदस्यहरूलाई हिंसात्मक गतिविधि, सार्वजनिक धनजनमा क्षतिपुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने ।
(ञ) बाल समूहका सदस्यहरूको उचित सुरक्षाको सुनिश्चितता गाउँ समुदायबाटबाहिर पठाउने वा कार्यक्रमहरूमा संलग्न गराउने ।

## परिच्छेद ५
## बालबालिकाको संस्थागत सहभागिता

**१८. गाउँपालिका तथा मातहतका समितिहरूमा बाल सहभागिताः** धर्मदेवी गाउँपालिका तथा सो मातहत रहेका विद्यालय व्यवस्थापन समिति, वडा बाल संरक्षण समिति, गाउँ बालसंरक्षण समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, गाउँ शिक्षा समिति, स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, गाउँ स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाई समिति जस्ता



स्थानीय राजपत्र

बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समितिहरूमा बालबालिकाको संस्थागत सहभागिता तथा प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

**१९. योजना तर्जुमामा बाल प्रतिनिधित्वको व्यवस्था**

(१) स्थानीय तहबाट हुने योजना निर्माणको सम्पूर्ण चक्रमा बालबालिकाको संस्थागत प्रतिनिधित्व र सहभागिता अनिवार्य हुनेछ ।

(२) बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल समूहका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गरिनेछ । भेलामा उनीहरूको सरोकार राख्ने विषयमा धारणा राख्न निश्चित समय प्रदान गरिनेछ ।

(३) गाउँ स्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिइनेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बाल समूहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे छुट्टै सावर्जनिक सूचना जारी गर्न सकिने छ । यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनुपर्नेछ ।

**२०. विविध क्षेत्रमा बाल सहभागिता**

(१) स्थानीय तहमा क्रियाशिल विभिन्न सङ्घ संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बाल समूहका प्रतिनीधिहरूसँग परामर्श गर्नुपर्नेछ ।

(२) यस्ता संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाको लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरूको बारेमा प्रचार प्रसार गर्न, सेवाको विषयमा सरोकारवाला बीच सञ्चार एव ं कार्यक्रमहरूको बारेमा प्रभावकारिताको अनगुमन गर्न बाल समूहसँग सहकार्य गर्न सक्नेछन् ।

(३) सेवा प्रदायक निकायहरूले बाल समूहका सदस्य तथा बाल समूहसँग सहकार्य र परामर्श कार्यहरु गर्दा उनीहरूको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्ने र विद्यालय समयमा असर पार्ने गरी गर्न सकिने छैन ।



(४) सेवा प्रदायक निकायहरूले बाल समूहका सदस्यहरूलाई अनिवार्य सहभागिताको नियम लागू गर्न सक्ने छैनन् ।

(५) सेवा प्रदायक निकायहरूले बालबालिकालाई जोखिमपूर्ण हुने, विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरूको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन सक्ने छैनन् । तर न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्शगर्न यसले बाधा पर्नेछैन ।

(६) सेवा प्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यको बदलामा भत्ता वा ज्याला प्रदान गर्न सक्ने छैनन् । तर यतायात खर्च, खाजा/खाना खर्च र सहायक सामग्री दिन फरक पर्नेछैन ।

**२१. बाल सहभागिता गराउँदा ध्यान दिनुपर्ने**

(१) बाल सहभागिता गराउँदा बालबालिकालाई सहभागिता गराउने निकायले अनुसूची ७ मा व्याख्या भए बमोजिम बाल सहभागिताका मापदण्डहरूलाई अनिवार्य पालना गर्नुपर्नेछ ।

(२) स्थानीय तह तथा अन्य संस्थाले बालबालिका स्वयं तथा वयस्क सरोकारवाला तथा बाल सहभागिता गराउने निकायहरूको बाल सहभागिता सम्बन्धी विषयमा क्षमता अभिवृद्धि गराउनेछन् ।

## परिच्छेद ६
## विविध

**२२. स्रोतको व्यवस्थापन** : गाउँपालिका तथा वडाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयका लागि आवश्यक वजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

**२३. प्रोत्साहन पुरस्कारको व्यवस्था** : बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति बालक्लब, सञ्जाल तथा संघसंस्थालाई पालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

**२४. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

**२५. खारेजी र बचाउ** : यो कार्यविधी बालबालिका सम्बन्धी प्रचलित नेपाल

सरकारको कानूनसंग बाँझिन गएमा बाँझिएको हद सम्म यो कार्यविधीमा लेखिएको कुराहरू अमान्य हुनेछन र नेपाल सरकारको कानूनमा लेखिएको कुराहरू मान्य हुनेछ ।

२६. बालबालिका सम्बन्धी कार्य संचालन गर्दा यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानुनमा भएको बालअधिकार सरक्षण र सम्वर्द्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

स्थानीय राजपत्र